# आकाशवाणी समाचार- नेपाली

मितिः १६ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु ले कतर सँग भारतको संबंध दसकौं पुरानो रहेको अनि कतर भारत संगको पश्चिम एशियाको वाणिज्यिक अनि सांस्कृतिक संबंधको अभिन्न भाग हो भनि बताउनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले असमको जोगीघोपामा, ब्रह्मपुत्र नदीमा राष्ट्रीय जल मार्ग-2 मा निर्मित अंतरदेशीय जलमार्ग परिवहन टर्मिनलको उद्घाटनको सराहना गर्नुभएको छ।

- दिल्ली भारतीय जनता पार्टी विधायक दलको बैठक आज नयाँ दिल्लीमा हुनेछ। पार्टी स्रोत अनुसार बैठक अवधि दिल्लीको अगिलो मुख्यमंत्रीको नामको घोषणा हुने संभावना छ।

- इजराइल अनि हमासले गाजा युद्ध विराम समझौताको दोस्रो चरणका लागी अप्रत्यक्ष वार्ता शुरू गर्ने भएका छन्।

- आईसीसी चैंपियंस ट्रॉफी 2025 आज बाट शुरू हुदैछ ,आज वर्तमान चैंपियन पाकिस्तानले कराचीमा आफ्नु पहिलो मैच न्यूजीलैंड विरुध खेल्नेछ ।

**<u>राष्ट्रपति कतर अमीर</u>**

राष्ट्रपति द्रौपदी मुर्मु ले कतर सँग भारतको संबंध दसकौं पुरानो रहेको अनि कतर भारत संगको पश्चिम एशियाको वाणिज्यिक अनि सांस्कृतिक संबंधको अभिन्न भाग हो भनि बताउनुभएको छ। हिज राष्ट्रपति भवनमा कतरला अमीर **शेख तमीम बिन हमद-अ-सानी** को स्वागत गर्नुहुदै राष्ट्रपतिले यस कुरामा जोड दिनुभयो कि दुवै देश बहुपक्षीय कार्यक्रम अनि सहयोग सहजत्ता र सदभावनाको गहिरो भावनाले जोडिएको छ । उहाँले भन्नुभयो दुवै देश व्यापार, निवेश, खाद्य सुरक्षा, स्वास्थ्य, संस्कृति अनि ऊर्जाको क्षेत्रमा विश्वसनीय भागीदार हो। राष्ट्रपतिले यो पनि सुझाव दिनुभयो कि भारत अनि कतरले नवाचार, प्रौद्योगिकी अनि स्टार्टअपमा सहयोग बढाउनका लागी आफ्नु शक्तिहरुको फाइदा उठाउनु पर्नेछ । उहाँले भन्नु भयो कि दुवै देशले केवल भारतमा मात्र नभएर विश्वमा शांति, प्रगति अनि संपन्नताका लागी मिलेर काम गर्नु पर्नेछ ।राष्ट्रपति मुर्मु ले कतरका अमीरको सम्मानमा रात्रिभोजको आयोजन गर्नुभएको थियो।

****** ० ******

**<u>प्रधानमंत्री आईडब्ल्यूटी -असम</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले असमको जोगीघोपामा, ब्रह्मपुत्र नदीमा राष्ट्रीय जल मार्ग-2 मा निर्मित अंतरदेशीय जलमार्ग परिवहन टर्मिनलको उद्घाटनको सराहना गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा उहाँले टर्मिनल क्षेत्रको प्रगति अनि समृद्धिका लागी बुनियादी ढांचामा सुधार अनि अंतरदेशीय जलमार्गलाई बढावा दिने दिशामा एक महत्वपूर्ण कदम रहेको बताउनुभयो।केन्द्रीय जहाज, तथा जलमार्ग मन्त्री जलमार्ग मंत्री सर्बानन्द सोनोवालले भूटानका

वित्तमंत्री ल्योनपो नामग्याल दोरजी सँग यस टर्मिनलको उद्घाटन गर्नुभएको थियो। मल्टी मॉडल लोजिस्टिक्स पार्क सँग जडित यो अत्याधुनिक टर्मिनलले भूटान अनि बांग्लादेशका लागी अंतरराष्ट्रीय बंदरगाहको रूपमा काम गर्नेछ। यो टर्मिनल भूटानमा गेलफू देखि 91 किलोमीटर, बांग्लादेश सीमा देखि 108 किलामीटर अनि गुवाहाटी देखि 147 किलोमीटर टाडो स्थित छ। यसबाट असम अनि पूर्वोत्तरमा लोजिस्टिक्स अनि मालवाहक जहाजहरुको आवागमन बढने सम्भावना छ ।

****** ० ******

**शाह - जम्मू-कश्मीर आपराधिक कानून**

गृहमंत्री अमित शाहले प्रशासनलाई अप्रैल सम्म जम्मू-कश्मीरमा तीन नयाँ आपराधिक कानूनको पूर्ण रूपले कार्यान्वयन सुनिश्चित गर्ने निर्देश दिनुभएको छ। श्री शाहले हिज नयां दिल्लीमा उपराज्यपाल मनोज सिन्हा अनि मुख्यमंत्री उमर अब्दुल्लाको उपस्थितिमा जम्मू-कश्मीरमा तीन नयाँ आपराधिक कानूनको कार्यान्वयनमा समीक्षा बैठक गर्नुभयो। गृहमंत्रीले तीन नयाँ आपराधिक कानून अंतर्गत त्वरित न्याय प्रदान गर्नका लागी प्रौद्योगिकीको अधिकतम उपयोग गरिनु पर्ने बताउनु भयो। गृह मंत्रीले जम्मू-कश्मीरमा आतंकी गतिविधिहरुमा कमी अनि सुरक्षा व्यवस्थामा सुधार साथै, पुलिसले नागरिहरुको अधिकारको सुरक्षालाई प्राथमिकता दिनु पर्ने बताउनुभयो।

****** ० ******

**भाजपा-विधायक दल बैठक**

दिल्ली भारतीय जनता पार्टी विधायक दलको बैठक आज नयाँ दिल्लीमा हुनेछ। यस बैठकमा भाजपाको सबै नवनिर्वाचित विधायक अनि पार्टीका वरिष्ठ नेताहरुले भाग लिनेछन्। पार्टी सूत्र अनुसार बैठक अवधि दिल्लीको अगिलो मुख्यमंत्रीको नामको घोषणा हुने संभावना छ। मुख्यमंत्रीको शपथ ग्रहण समारोह भोलि दिल्लीको रामलीला मैदानमा हुने अम्भावाना छ। दिल्ली विधानसभा चुनावमा भाजपाले 70 सिट मध्ये 48 सीटमा जितेको छ ।

****** ० ******

**महाकुम्भ-विस्तार**

उत्तर प्रदेश सरकार र महाकुम्भ मेला प्राधिकरणले प्रयागराजमा हुने महाकुम्भ मेला फेब्रुअरी २६ पछि स्थगित गरिएको दाबी गर्ने अफवाहलाई खारेज गरेको छ। प्रयागराज जिल्ला मजिस्ट्रेट रवीन्द्र मोडाडले सामाजिक सञ्जालमा फैलिएका यस्ता अफवाहहरू पूर्णतया निराधार भएको स्पष्ट पार्नुभएको छ। हाम्रो संवाददाताबाट विवरण-

****** ० ******

**इजराइल-हमास डील अपडेट्स**

इजराइल अनि हमासले गाजा युद्ध विराम समझौताको दोस्रो चरणका लागी अप्रत्यक्ष वार्ता शुरू गर्ने भएका छन्। हमासका वार्ताकार खलील अल-हय्या ले पुष्टि गरेका छन् बिबास परिवार सहित चार बंधकहरुको शव भोलि फिर्ता गरिनेछ अनि अन्य छ जीवित बंधकहरुलाई शनिवार रिहा गरिनेछ । इजराइली प्रधानमंत्री बेंजामिन नेतन्याहूको कार्यालयले पुष्टि गरेको छ कि बंधकहरुको रिहाईका लागी काहिरामा एक समझौता भएको छ। यस समझौतामा भोलि चार मृत बंधक, अनि शनिवार छ जीवित बंधक र आगामी सप्ताह चार अतिरिक्त बंधकको वापसी शामिल छ।

****** ० ******

**प्रधानमंत्री सुनक**

इंग्लैंडका पूर्व प्रधानमंत्री ऋषि सुनकले हिज नयाँ दिल्लीमा आफ्नु परिवार सित प्रधानमंत्री नरेन्द्र मोदी सँग भेटघाट गर्नुभयो। एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले उहाँले श्री सुनक सँग विभिन्न विषयहरुमा महत्वपूर्ण कुराकानी गरेको बताउनुभयो। उहाँले श्री सुनक भारतको एक असल मित्र रहेको अनि उहाँ दुवै देशको संबंध मजबूत गर्ने पक्षधर हुन् भनि बताउनुभयो।

****** ० ******

**नागाल्याण्ड-पवन हंस टोलीको भ्रमण**

क्षेत्रीय सम्पर्क योजना, उडान अन्तर्गत निरीक्षण गर्न पवन हंसको टोली आज नागाल्याण्ड पुगेको छ। टोलीले योजनाको पहिलो चरण अन्तर्गत छनोट गरिएका पाँच जिल्लाहरू कोहिमा, मोकोकचुङ, फेक, तुएनसाङ र जुनहेबोटोमा पूर्वाधार र भविष्यका सम्भावनाहरूको मूल्याङ्कन गर्नेछ। यस पहलको उद्देश्य नागाल्याण्डका दुर्गम क्षेत्रका बासिन्दाहरूको लागि क्षेत्रीय हवाई सम्पर्क सुधार गर्नु, पहुँचयोग्यता र आर्थिक अवसरहरू बढाउनु रहेको छ। कोहिमामा निरीक्षण टोली र यातायात अधिकारीहरूसँगको बैठकमा, यातायात सचिव रोबर्ट लङचारीले वित्तीय स्वीकृति र बार लगाउने र हेलिप्याड स्तरोन्नति जस्ता सानातिना परिमार्जनहरू सहित प्रमुख विकास र चुनौतीहरूमाथि प्रकाश पार्नु भयो। उहाले जोड दिनु भयो कि हेलिकप्टर सेवाले जिल्ला सदरमुकाम मात्र नभई उपविभागहरूलाई पनि राहत प्रदान गर्नेछ, विशेष गरी चिकित्सा आपतकालिन अवस्था र अनुदानको अवस्थामा

****** ० ******

**पाकिस्तानी आतंककारी मारिए**

पाकिस्तानी सेनाका अनुसार खैबर पख्तुनख्वा प्रान्तमा गुप्तचर निकायमा आधारित कारबाहीको क्रममा सुरक्षा बलले कम्तीमा ३० आतंककारीलाई मारेको छ। पाकिस्तानी सेनाको मिडिया शाखा, आईएसपीआरले सोमबार गरिएको उक्त कारबाही गुप्तचर रिपोर्टको आधारमा आतंककारीहरूलाई लक्षित गरी गरिएको बताएको छ। प्रधानमन्त्री शाहबाज शरीफ र खैबर पख्तुनख्वाका गभर्नरले सफल अपरेशनको लागि सेनाको प्रशंसा गर्नु भएकोछ।

****** ० ******

**आईसीसी चैंपियंस ट्रॉफी**

आईसीसी चैंपियंस ट्रॉफी 2025 आज बाट शुरू हुदैछ , जसमा वर्तमान चैंपियन पाकिस्तानले कराचीमा आफ्नु पहिलो मैच न्यूजीलैंड विरुध खेल्नेछ । मैच भारतीय समयानुसार अपरान्ह 2:30 बाजी बाट शुरू हुनेछ। यो आईसीसी चैंपियंस ट्रॉफीको नौवां संस्करण हो। रोहित शर्माको अगुआईमा रहेको भारतीय टीमले भोलि दुबई इंटरनेशनल स्टेडियममा बांग्लादेश विरुध आफ्नु अभियानको शुरुआत गर्नेछ। यस टूर्नामेंटमा आठ शीर्ष रैंकिंग भएका ,एक दिवसीय अंतरराष्ट्रीय टीमहरुले भाग लिएकाछन् , मैचहरु पाकिस्तान अनि यूएई मा आयोजित हुनेछ। फाइनल आगामी महीना 9 तारीख हुनेछ।ग्रुप ए मा भारत, न्यूजीलैंड, बांग्लादेश अनि पाकिस्तान छन्। ग्रुप बी मा अफगानिस्तान, ऑस्ट्रेलिया, इंग्लैंड अनि दक्षिण अफ्रीका शामिल छन्।

****** ० ******

**एशियाई कप-टेबल टेनिस**

ITTF-ATTU एशियाई कप टेबल टेनिस टूर्नामेंटको 34 ओ संस्करण आज विहान बाट चीनको शेनझेन, मा शुरू हुनेछ। भारतीय पुरुष टीमको नेतृत्व विश्वका 42ओ नंबरका खिलाड़ी शरत कमल ले गरिरहेका छन्, उनि पांच पल्ट ओलंपियन अनि वर्तमान राष्ट्रमंडल खेलहरुका एकल चैंपियन हुन्। भारतीय टीममा विश्वका 60ओ नंबरका खिलाड़ी मानव ठक्कर अनि विश्वका 70ओ नंबरका खिलाड़ी हरमीत देसाई शामिल छन्। भारतीय महिला टीममा पेरिस 2024 को **ओलंपियन** श्रीजा अकुला, अयहिका मुखर्जी अनि यशस्विनी घोरपड़े शामिल छन्।

****** ० ******

****** ० ******